**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com


प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ८६

# बीउ र मलका लागि नेपाली किसान भारतीय बजारमैं निर्भर

धर्मेन्द्र चौरसिया, पोखरिया, ८ मङ्सिर/

पर्सा जिल्लाका किसानहरू अहिले धानबाली भित्र्याउनुका साथै गहुँको बीउ छर्ने कार्यमा व्यस्त छन् ।

धानबाली भित्र्याउने र गहुँको बीउ छर्ने बेलामा भने अहिले किसानहरूलाई मल र बीउबिजनको समस्या देखिएको छ। धान भित्र्याएका किसानहरू अहिले खेतको माटो सम्याएर धानको झारपात हटाउँदै गहुँको बीउ छर्ने काममा जुटेका छन् ।


जगरनाथपुर गाउँपालिका वडा नं ४ जगरनाथटोलमा एक किसान खेतमा गहुँको बीउ छर्दै । तस्वीरः प्रतीक


कृषि सामग्री कम्पनी, वीरगंजको गोदाममा रहेको मलका बोरा

पर्सा जिल्लाको थरुहट क्षेत्रमा गहुँका साथै मकै, आलु, दलहन र तेलहनका साथै सुर्ती खेती पनि गरिन्छ। दुई बाली धान र एक बाली गहुँ खेती हुने थरुहट क्षेत्रका अधिकांश किसानले धानबाली भित्र्याइसकेका छन् र उनीहरू अहिले गहुँका साथै मकै, आलु, दलहन र तेलहनका साथै सुर्ती खेतीमा व्यस्त छन् । तीन बाली हुने यहाँका किसानहरूले पालिकाबाट सहुलियतमा पाउनुपर्ने बीउ पाएका छैनन्। अधिकांश पालिकाले अहिलेसम्म गहुँको बीउ खरीद गर्न सकेका छैनन् ।

सहुलियतमा एनएल र गौतम जातका गहुँको बीउ पालिकाहरूले वितरण गर्छन्। यो बीउमा भने किसानहरूको विश्वास कम छ । नेपाली बीउ किसानहरूको रोजाइमा नपरेको कारण छिमेकी भारतीय बजारमा पुगेर श्रीराम ३०३ खरीद गरेर लगाएका छन् । यो बीउ भारतीय बजारमा भारु ६५ मा पाइन्छ। पालिकाहरूले भने ५० प्रतिशत अनुदानमा सहुलियतको बीउ वितरण गर्छन् ।

किसानहरूलाई आवश्यक भएको बखत बीउ वितरण नगरिने र गर्दा पनि आफ्ना मतदाता किसानलाई प्राथमिकता दिने हुँदा अधिकांश किसान पालिकाबाट प्रदान गरिने बीउको भर पर्दैनन्। थरुहट क्षेत्रमा तीन बाली हुने भएपनि बञ्जियानमा भने धान र गहुँ गरी दुई बाली हुन्छ। गहुँसँगै थोरै मात्रामा आलु, दलहन र तेलहनको खेती गरिन्छ ।

धानपछिको प्रमुख बाली गहुँ हो र अहिले यहाँका किसानहरूले बीउबिजनसँगै मलको अभाव पनि झेलिरहेका छन् । सहकारीहरूले किसानलाई आवश्यक भएको बखत गोदाम खाली देखाएर फर्काउने गरेका छन्। नेपाली किसानहरू अहिले सीमावर्ती भारतीय बजारबाट आवश्यक युरिया, डिएपी र पोटास खरीद गरेर गहुँबालीमा छर्दैछन्। भारतमा डिएपी नेपालको तुलनामा महँगो छ।

नेपालमा डिएपी मलको ५० किलो बोराको रु २,६५० पर्छ भने भारतमा ४५ किलो बोराको रु २,८०० मा खरीद गर्नुपर्छ। युरिया भने नेपालको तुलनामा भारतमा सस्तो छ। नेपालमा कम्पनीको दर रु ८५० तोकिएको छ भने सहकारीहरूले रु ९०० मा बिक्री गर्दै आएका छन् । भारतमा भने युरिया रु ७५० प्रतिबोरा खरीद गरेर ल्याएको जगरनाथपुर गाउँपालिका-४ का खिद्रिस मियाँ बताउँछन् ।

**कृषि सामग्री कम्पनीमा कति मल छ**

नितेश कर्ण, वीरगंज/

कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय, वीरगंजले गोदाममा वीरगंज क्षेत्रका लागि युरिया गत आवको मौज्दात (अल्या) १६ हजार ८०४ मेट्रिकटन र चालू आवको मौज्दात १६ हजार ४५५.३५० मेटन रहेको छ । प्रवक्ता पुरुषोत्तम सिंहले मङ्सिर ४ गतेसम्मको विवरणमा युरियाको मौज्दात बताएका हुन् ।

उनले सोही दिनको तथ्याङ्क अनुसार वीरगंज, राजविराज, लहान, जनकपुर, ढल्केबर, चन्द्रपुर, नवलपुर र कलैयाका डिपोहरूमा युरिया अल्या २५ हजार ३१.३५० मेटन र हालको मौज्दात २४ हजार ५३६.९०० मेटन रहेको बताए । यसैगरी, मधेस प्रदेशका आठवटा डिपोहरूमा डिएपी १२ हजार ६४३.३५० मेटन र चालू आवमा ११ हजार ९५८.२५० मौज्दात रहेको बताए ।

प्रवक्ता सिंहले पोटास १३६३.९०० मेटन (अल्या) र १३८२.२०० मेटन (मौज्दात) रहेको र कृषि चुन १६१.२०० मेटन (अल्या) र १६०.७०० मेटन (मौज्दात) रहेको जानकारी गराएका छन्।

# भारतबाट धान आयातले नेपाली धानको मूल्य घट्यो

राधेश्याम पटेल, परवानीपुर, ८ मङ्सिर/

भारतबाट धान आयात हुन थालेपछि नेपाली धानको मूल्य घटेको छ। नेपाली धानको मूल्य घटेर किसानलाई घाटा लागेको छ । डेढ महीना अघि नेपाली धानको भाउ प्रतिक्वीन्टल रु चार हजार तीन सय पुगेकोमा नयाँ धानको भाउ अहिले ह्वात्तै घट्दा किसानलाई घाटा लागेको हो। पर्सा, बारालगायत मधेसका अन्य जिल्लामा विशेषगरी सोना मन्सुली (मोटो) धान लगाइन्छ ।

पर्सा र बारामा अहिले सोना मन्सुली धान प्रतिक्वीन्टल रु ३१ सयदेखि ३३ सयसम्ममा बिक्री भइरहेको छ । एक सातामा धानको भाउ किलोमा रु १२ सम्म घटेको छ । किसानले धान भण्डारण गर्न नसक्ने भएकाले स्थानीय गोला भण्डारका साहुसँग बिक्री गर्न बाध्य छन् । वीरगंज-२१ पटेलनगरका हरिनारायण कुर्मीका अनुसार खेतबाट भित्र्याइएको धानबाली भण्डारण गरेर राख्दा पछि तौल घट्दै जान्छ, कीराले पनि खान्छ, त्यसैले सिजनमैं सस्तो/महँगोमा सल्टाउँछु, उनले भने ।

गाउँका गोला भण्डार साहुले केही महीना धान भण्डार गरी राख्छन्। एक महिनापछि धानको भाउ बढ्दा उनीहरू ठूला राइसमिलसँग मुनाफा लिएर धान बेच्छन् । सोना मन्सुली धानको चामल विशेषगरी पहाडी जिल्लामा जान्छ । हुनेखाने सम्पन्न परिवारले नेपालमा कतर्नी र सोनम चामल खोज्ने भएकाले नेपाली सोना मन्सुली धानको खरीद आफूहरूले नगर्ने वीरगंजका खाद्यान्न व्यवसायी सुरेश रूँगटा बताउँछन् ।

उनले भारतले डेढ महीना अघि देखि चामल र धान आयातमा प्रतिबन्ध हटाएपछि आफूहरू कतर्नी र सोनम धान भारतबाटै मगाइरहेको बताए । उनले कर्तनी धान अहिले प्रतिकिलो रु ४६ र सोनम रु ४४ मा राजस्व र भाडासहित मगाइरहेको बताए । उनले विशेषगरी भारतको बिहार, उत्तर प्रदेशबाट धान आयात भइरहेको बताए । उनले पर्सा र बारामा साना/ठूला गरी करीब तीन सय राइसमिल सञ्चालनमा छन् ।

बारा र पर्सामा उत्पादन भएको सोना मन्सुली मोटो धान केही राइसमिलले किन्छन् भने केही मदिरा उद्योगले पनि किन्ने गरेको उनले बताए । बारा, परवानीपुर-४ चैनपुरस्थित ओसिबी फूड्स एन्ड फिड्सका सञ्चालकसमेत रहेका रूँगटाका अनुसार भारतबाट धान आयात गर्दा अहिले भन्सार महसूल १० प्रतिशत तिर्नुपर्छ । डेढ महीना पहिले भारतबाट नेपालमा धान निर्यात गर्दा भारतले निर्यात महसूल २० प्रतिशत बढाउँदा भारतीय धान निकासीकर्ताहरूले धान निर्यात गर्न बन्द गर्दा धान र चामल आयात ठप्प भएको थियो। तर भारतमा लोकसभाको चुनाव सम्पन्न भइसकेको र धानको हाहाकार अन्त्य भई हाल नयाँ धान उत्पादन भइसकेकोले भारतले नेपालको लागि धान र चामल निकासी फुकुवा गरे हो ।

व्यवसायीहरूले नेपाली किसानले सोना मन्सुलीको ठाउँमा कतर्नी र सोनम धान उत्पादन गरे किलोको रु ४० भन्दा बढीमा बिक्री हुने हुँदा मुनाफा र आम्दानी बढ्ने भएकोले त्यसतर्फ अग्रसर हुनुपर्ने सुझाव दिए । हाल पर्सामा मात्रै करीब १५ हजार हेक्टरमा अगहनी धान लगाइन्छ । यसपालि धानबालीमा कीराको प्रकोप बढ्दा धान उत्पादनमा ह्रास आएको छ भने अर्कोतर्फ मूल्य घट्दा दोहोरो मर्कामा परेका छन् ।

# जिप्रका महोत्तरीका सुब्बा घूसको रकमसहित पक्राउ

प्रस, जनकपुर, ८ मङ्सिर/

अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय, बर्दिवासको टोलीले जलेश्वर नगरपालिका-२ स्थित जिल्ला प्रशासन कार्यालय, महोत्तरीका नायब सुब्बा अशोककुमार यादवलाई घूसको रकमसहित रङ्गेहात पक्राउ गरेको छ ।

निज यादवले सवारी ज्यान मुद्दामा मृतकको नजीकका हकदारले पाउनुपर्ने किरिया खर्च तथा क्षतिपूर्तिबापतको रकमका लागि रु २० हजार घूस मागेको र सो रकम शुक्रवार पीडित पक्षबाट बुझेपछि उनलाई अख्तियारले पक्राउ गरेको प्रवक्ता नरहरि घिमिरेले बताए ।

मृतकको काजकिरिया र क्षतिपूर्तिबापतको रकम लिनका लागि यादवले शुरूमा पीडितलाई एक महीनादेखि आजभोलि भन्दै हैरान पारेका थिए । हिजो उनले बिचौलियामार्फत २० हजार माग गरेपछि पीडितले अख्तियारको कार्यालय बर्दिवासमा उजूरी गरेको थियो । अख्तियारले पीडितलाई घूसबापतको रकम उपलब्ध गराएर नायब सुब्बा यादवलाई दिन लगाएको थियो र रकम बुझेसँगै पक्राउ परेका थिए ।




# जनमतले रङ्गभेदविरुद्धको दिवस मनाउने

प्रस, वीरगंज, ८ मङ्सिर/

जनमत पार्टी पर्साले यही मङ्सिर १० गते सोमवार वीरगंजमा रङ्गभेदविरुद्धको एकता दिवस मनाउने निर्णय गरेको छ ।

शनिवार जिल्ला कार्यसमितिको बैठकले सो निर्णय गरेको अध्यक्ष ओमप्रकाश सर्राफले बताए । प्रत्येक वर्ष मङ्सिर १० गतेका दिन जनमतले यो दिवस मनाउँदै आएको छ । जनमत पार्टीका अध्यक्ष डा सिके राउत सोही दिन काठमाडौंमा पक्राउ परेका थिए । काठमाडौंको खुला मञ्च र जिल्लाहरूमा यो दिवस मनाइँदै आएको अध्यक्ष सर्राफले बताए । उनले केन्द्रीय निर्णय अनुसार रङ्गभेदविरुद्धको एकता दिवस मनाउने निर्णय भएको जानकारी गराए ।



बैठकमा सिपु तिवारी, अनीता चौरसिया, सञ्जय सिंह, श्यामशङ्कर चौरसिया, राहुल रौनियार, राजेश चौरसियालगायको सहभागिता थियो ।

# घडीअर्वामा स्वास्थ्य शिविर

प्रस, वीरगंज, ८ मङ्सिर/

लायन्स क्लब अफ वीरगंज आदर्शनगर एरिया-३ को आयोजनामा शनिवार घडीअर्वा पोखरी परिसरमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।



शिविरमा २२५ जनाको मधुमेह र रक्तचाप परीक्षण गरिएको कार्यक्रम संयोजक किशोर गुप्ताले बताए । उनले भागदौडपूर्ण जीवनशैलीमा मानिसहरूले खानपानमा ध्यान नदिने गरेका कारण मधुमेह र रक्तचापका बिरामीहरूको सङ्ख्या दिनानुदिन वृद्धि भइरहेकोले स्वास्थ्य शिविर आयोजना गरिएको बताए ।

शिविरमा चिकित्सकहरूबाट रोग परीक्षण गरिनुका साथै खानपिनमा ध्यान

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**म यस कारण क्षुब्ध छैन कि तिमीले मसँग झूटो बोल्यौ, अपितु यस कारण कि अबदेखि तिमी विश्वासयोग्य रहेनौ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सत्ता, सदन र सडक : सबैतिर ओली

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

नेकपा एमालेले 'जागरसभा' नाम दिएको शुक्रवारको प्रदर्शनमा देशको प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपीशर्मा ओलीको कटाक्ष मूलतः तीन कुरामा केन्द्रित रह्यो । पहिलो उनी सरकार ढल्ने हल्ला चिर्न उद्यत देखिए। वि.सं. २०८४ सम्मै वर्तमान एमाले–काङ्ग्रेस गठबन्धन सरकार चल्ने र अबको १८ महीनापछि नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता दोहोऱ्याएर ओलीले सरकारमाथि सत्ता साझेदार र संसद्‌को सबैभन्दा ठूलो दलबाट सरकारप्रति भइरहेको आलोचना, अविश्वास र आक्रमण चिर्ने प्रयास गरे।

ओली जुन प्रतिबद्धता र बाचासहित पछिल्लो सत्ता–यात्रामा उक्लिएका थिए, त्यो प्रतिबद्धतामा फेल भएको भन्दै चौतर्फी आलोचना भइराखेको अवस्थामा आम चासोलाई अन्यत्र मोड्ने प्रयासमा एमालेले शक्ति प्रदर्शनको सहारा लिएको बुझ्न पनि धेरै दिमागी कसरतको खाँचो पर्दैन। विवादास्पद अभिव्यक्तिको पर्याय बनेका व्यवसायी दुर्गा प्रसाईंले लगाएको अवैध लगानीको आरोप र सहकारी ठगी प्रकरणका पार्टी सभापति रवि लामिछाने पक्राउ परेपछि राष्ट्रिय स्वतन्त्र पार्टीले सडकमा देखाएको शक्तिको प्रतिवादमा पनि ओलीको अभिव्यक्ति लक्षित देखियो। कुनै बेला निकट सम्बन्धमा रहेका ओली प्रसाईं आरोप–प्रत्यारोप र एक समय रवि लामिछानेको बचाउको मूडमा प्रकट भएका ओली अहिले किन दुवैजनाविरुद्ध उत्रिए वा सिङ्गो पार्टीलाई सडकमा उतार्ने अवस्था आयो ?

नीति, निष्ठा र सिद्धान्तलाई स्वार्थले गिजोलेको समकालीन राजनीतिक चरित्रबारे सामान्य जानकारी राख्ने जो कोहीले भन्न सक्दछ यो स्वार्थको मेल र बेमेलको परिदृश्यबाहेक केही होइन। मूल प्रश्न यो हो, सत्ता हाँकिरहेको एमाले आफैं काम गर्ने ठाउँमा भएको अवस्थामा सडकमा देखिएका छिटपुट असन्तुष्टि र आवेगलाई काम गरेरै जवाफ दिनुको सट्टा सडकमैं दललाई अघि सारेर शक्ति देखाउने स्थितिमा किन पुग्नुपऱ्यो ? के एमाले र त्यसका नेतृत्वकर्ता ओली प्रधानमन्त्रीको रूपमा यति असफल र निरीह भइसकेका छन् कि सत्ता, सदन र सडक सबैतिर उनका कार्यकर्ताले उनको असफलता ढाकछोप गर्दै हिड्नुपरेको हो ?

खासमा सरकारले आफ्नो प्रतिबद्धता अनुसार स्थायित्व र सुशासनका सवालमा काम गर्न नसकिराखेको र त्यसमा स्वाभाविकरूपमा असन्तोष चुलिइराखेको सत्यलाई सामना गर्ने सामर्थ्य गुमाइराखेको छ। परिणाम, सरकारको नेतृत्व गरेको दल जनताले सकारात्मक परिवर्तनको अनुभूति गर्ने खालको काममा लाग्नुको सट्टा सडकमा भीड उतारेर विषयान्तर भइराखेको छ। प्रधानमन्त्री ओली र उनको दल एमालेको पछिल्लो प्रदर्शनले 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने उक्तिलाई चरितार्थ गरिराखेको भान हुन्छ। खासमा हावादारी हठको पर्यायको रूपमा स्थापित ओलीको छवि बचाउन सत्ताको नेतृत्व गरिराखेको दल स्वयं सडकमा उत्रिनुले आमरूपमा स्थापित निराशालाई अझ बढावा दिएको छ। यो प्रवृत्तिले सरोकारका संशयहरूलाई निकास दिन सम्भव छैन। सरकार, सडक र सदनमा देखिएको बेमेल, अन्योल र सत्ता साझेदारहरूबीचको बढ्दो अविश्वासको ओज कतिसम्म गहिरिएको छ भन्ने कुराको प्रतिविम्ब लगानीकर्ताको मनोबलमा प्रकट भइराखेको छ । राजनीतिक र आर्थिक स्थायित्वको प्राथमिक सूचकको रूपमा हेरिएको शेयर बजारले अहिलेको राजनीतिक दृश्यलाई रातो झन्डा देखाएकै छ। ओली सरकार बनेपछि आशावादीजस्ता देखिएका लगानीकर्ताको मनोबल धेरै दिन टिक्न नसकेको विषय नयाँ होइन ।

'जागरणसभा' नाम दिइएको प्रदर्शन 'समाजमा निराशा पैदा गर्नेहरूले फैलाएका भ्रम चिर्ने' उद्देश्यले आयोजना गरिएको एमालेका नेताहरूले बताइराख्दा सत्ता चलाइराखेको एमालेले ती निराशाहरूको सम्बोधन काम गरेर हुन्छ कि सडकमा कार्यकर्ता उतारेर र त्यसलाई सम्बोधनको नाममा राज्यको शक्ति, स्रोत र समय बर्बाद पारेर ? यो प्रश्नको सही समाधान सम्भवतः एमाले नेतृत्वसँग छैन । एमाले नेताहरूको शब्द सापटी लिने हो भने 'अहिले अराजकतावादीहरूले निराशा पैदा गर्ने, समाजमा विखण्डन ल्याउने, सरकारका गतिविधि अस्वीकार गर्ने र प्रधानमन्त्रीलाई मार्छौं भन्नेसम्मको अराजकता देखा परेको' हो भने सरकारमा रहेर सरकारी संयन्त्रको कामकारबाईबाट त्यसको जवाफ दिने कि कार्यकर्तालाई काठमाडौंमा उतारेर 'कागले कान लग्यो' भन्दैमा कागको पछि दौडिने ? यो स्वाभाविक प्रश्नले एमालेलाई पछ्याइराखेको छ ।

> **सदनको सबैभन्दा ठूलो र सत्ता गठबन्धनको निर्णायक दल हुनुका कारण नेपाली काङ्ग्रेस सरकारको आलोचनामात्रै गरेर आफ्नो दायित्वबाट उन्मुक्ति पाउन सक्दैन । ओली सरकारका असफलतामा एमालेसँगै काङ्ग्रेस पनि जवाफदेह बन्नुपर्दछ ।**

सरकारले आफूविरुद्ध सडकमा पोखिएका स्वाभाविक असन्तुष्टि र निराशाहरूलाई सडकमैं उत्रिएर प्रतिवाद गर्ने होइन, सरकारका कामले सुधारको प्रत्याभूति दिनुपर्दछ। संयोग, प्रधानमन्त्री ओली सडकमा कार्यकर्ता भेला पारेर जसविरुद्ध शब्दजाल फालिराखेका छन् र जसले समाजमा निराशा पैदा गरेको भनिएको छ, ती दुवै पात्र रवि लामिछाने र दुर्गा प्रसाईं अहिले प्रहरी हिरासतमा छन् । कानून अनुसार कारबाई गरेर देखाउन ओलीलाई के कुराले रोकेको छ र सडकमा प्रहसन गर्दै हिड्नुपरेको हो ? सडक भनेको त सत्तामा नहुनेहरूका लागि सरकारलाई जिम्मेवार बनाउन दबाब दिने बाध्यात्मक र अन्तिम विकल्प पो हो ।

चार महीना अघि संसद्‌का दुई ठूला दल सरकार गठन गर्ने क्रममा राजनीतिक अस्थिरता समाधानका लागि जनस्तरमा अनुभूत हुने तरीकाले परिणाम दिने प्रतिबद्धता गरिएको थियो। अर्थतन्त्रलाई लयमा फर्काउने, सुशासनको प्रत्याभूति र राजनीतिक अस्थिरताको समाधानका लागि संविधान संशोधनलगायत त्यतिखेरको ७ बुँदे समझदारीका मुख्य आधार थिए। अर्थतन्त्र सुधार्ने प्रतिबद्धता गरेको सरकारले विदेशी मुद्राको सञ्चितिबाहेक सुधारका अन्य तथ्याङ्क सार्वजनिक गर्न सकेको छैन। यो सूचक सञ्चितिको स्वाभाविक आकार हो कि बजारमा माग र आपूर्तिमा देखिएको मन्दीको परिणाम बढी हो भन्नेमा आवश्यक मन्थन हुन सकेको छैन। तर, त्यतिबेला नै सत्ता गठबन्धनको जग भ्रष्टाचारका फाइल प्रकरणासँग जोडिएको भाष्य स्थापित भएको हो । सरकारले ती प्रश्नहरूको समाधानमा सिन्को नभाँच्नु र आरोप, आशङ्का र निराशाको प्रतिवादमा सडकमा ओर्लिनु कदापि उचित होइन । सरकारमा बस्नेहरूलाई आफ्ना कुरा जनतामा लैजान सडकको सहारा लिनुपर्दैन। सत्ता यस्तो ठाउँ हो, त्यहाँ बस्नेहरूले रचनात्मक कामबाटै आम असन्तोषको जवाफमात्र होइन, समाधान नै दिन सक्छन् । तर, त्यसका निम्ति त काम गर्ने तत्परता र इमानदारी चाहिन्छ। सडकमा अराजकता देखाएर तमाशा देखाउन जति सजिलो काम गर्न हुँदैन। त्यसैले सत्ता हाँकिराखेको एमाले र यसका अगुवा ओली सडकमा पुगेर आफूविरुद्धका स्वाभाविक आलोचना र असन्तुष्टिविरुद्ध विषवमनमा उत्रिए। सरकार चलाउनेहरूले सडकमा उफ्रिँदै मुख चलाउने होइन, राज्यका संयन्त्र चलाएर परिणाम देखाउने हो ।

सरकारले सडकमा उठेका प्रश्नको जवाफ सडकमा कार्यकर्ताको भीडलाई 'सम्बोधन'मार्फत दिने होइन, आम जनतालाई सेवासुविधा, विकास र निर्माणको प्रत्याभूति, उद्योग व्यापारको वातावरण निर्माण, रोजगार, सुशासन र अर्थतन्त्रको सुधारका कामबाट दिने हो । यी स्वाभाविक सरोकारहरूप्रति अस्वाभाविक उदासीनता र सडकमा अराजकतालाई निम्तो दिने शैलीले सकारात्मक परिणाम दिँदैन । सदनको सबैभन्दा ठूलो र सत्ता गठबन्धनको निर्णायक दल हुनुका कारण नेपाली काङ्ग्रेस सरकारको आलोचनामात्रै गरेर आफ्नो दायित्वबाट उन्मुक्ति पाउन सक्दैन। ओली सरकारका असफलतामा एमालेसँगै काङ्ग्रेस पनि जवाफदेह बन्नुपर्दछ।

# चार महीनामा साढे चार खर्ब व्यापार घाटा

काठमाडौं, ८ मङ्सिर/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महीनामा मुलुकले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा बेहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको चालू आवको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरण अनुसार यस अवधिमा रु पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख बराबरको आयात र रु ५२ अर्ब ६७ करोड बराबरको निर्यात भएको हो । यसरी कुल रु पाँच खर्ब ६६ अर्ब पाँच करोड ६७ लाखको वैदेशिक व्यापारमा रु चार खर्ब ६० अर्ब ७१ करोड ७३ लाख घाटा देखिएको विभागले जनाएको छ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात शून्य दशमलव १७ र निर्यात चार दशमलव १६ प्रतिशतले बढेको छ । नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारतसँग मात्र चार महीनामा रु दुई खर्ब ८१ अर्ब ११ करोड ६६ लाख घाटा बेहोरेको छ। कात्तिक मसान्तसम्ममा भारतबाट रु तीन खर्ब १६ अर्ब ८८ करोड ५३ लाख बराबरको वस्तु आयात हुँदा रु ३५ अर्ब ७६ करोड ८७ लाख बराबरको निर्यात भएको छ।

त्यस्तै, नेपालको अर्को ठूलो वैदेशिक व्यापार हुने मुलुक चीनसँग रु एक खर्ब तीन अर्ब १८ करोड २५ लाखको आयात र रु ६८ करोड २३ लाख ७७ हजारको निर्यात हुँदा रु एक खर्ब दुई अर्ब ५० करोडको व्यापार घाटा देखिएको छ।

पहिलो चौमासिकमा पेट्रोलियम

(बाँकी तेस्रो पातामा)

# जीवन-साधनाका स्वर्णिम सूत्र

> **व्यवहारमा शिष्टता, शालीनता, विनम्रताजस्ता गुणले व्यक्तित्वको गरिमा बढाउँछन्, चरित्रमा प्रकाश छरिदिन्छन् । उद्दण्ड, अहङ्कारी, दम्भी व्यक्ति जतिसुकै योग्य, प्रतिभावान किन नहोस्, मानिसको मनमा ठाउँ बनाउन सक्दैन ।**

युगऋषि आचार्य रामचन्द्र शर्माद्वारा आफ्नो अन्तिम वर्षमा रचित क्रान्तिधर्मी साहित्यमा व्यक्ति निर्माणसँग सम्बन्धित प्रमुख पुस्तक हो : जीवन–साधनाका स्वर्णिम सूत्र। युगऋषिका दर्शनको सार रूपमा व्यावहारिकह अध्यात्मको सार यसमा समाहित छ। उनले स्पष्ट लेखेका छन् कि प्राचीनकालमा प्रत्येक साधकले प्रारम्भमा यम, नियम सिद्ध गर्नुपर्दथ्यो, तर आजको स्थितिमा त्यस्तो सम्भव देखिंदैन ।

अब त बानीमा व्यावहारिक पञ्चशीलहरूको परिपालन सामेल हुन सकेमात्र पनि काम चल्छ। श्रमशीलता, मितव्ययिता, शिष्टता, सुव्यवस्था र सहकारिताको पञ्चशील हाम्रो क्रियाकलापमा राम्ररी घुलमिल हुन सके बुझ्नुपर्छ कि प्राचीनकालको तप–साधनाको समतुल्य साधनात्मक साहस हुन सक्यो।

व्यावहारिक धर्मधारणाका यी पञ्चसूत्रहरूका साथ गुरुदेवले उच्च मनसिकताका चारवटा सूत्र दिए– इमानदारी, समझदारी, जिम्मेदारी र बहादुरी। यी ९ सूत्रहरूको जीवनमा जुन अनुपातमा समावेश हुँदै गयो, बुझौं व्यक्तित्व परिष्कार एवं चरित्र निर्माणको काम त्यसै अनुपातमा जीवनमा घटित भयो । यी सद्‌गुणहरूको अभावमा व्यक्तिको जीवन अधूरो नै रहन्छ र चरित्र पनि अप्रमाणित रहन पुग्छ।

श्रमशीलता स्वस्थ, सफल एवं सार्थक जीवनको ठोस आधार हो । श्रमशील व्यक्ति–ऊ किसान होस् वा विद्यार्थी, व्यवसायी होस् कि गृहिणी वा अन्य कोही, दिनभरि कठोर श्रम गर्छ, तर आलोकाँचो खाएर पनि स्वस्थ रहन सक्छ र गहिरो निद्राको आनन्द लिन सक्छ भने आरामतलबी–विलासी मानिस मसिनो–चिल्लो र थरीथरीका सुस्वादु–व्यञ्जनका बावजूद स्वस्थ देखिंदैन, अपितु विभिन्न प्रकारका रोगहरूबाट ग्रस्त रहन्छ।

यस्तोमा पहिले त मानिस अल्छी हुन्छ, दोस्रो कामचोरको तक्मा भिर्न पुग्छ । कामलाई ठूलो वा सानो मान्ने कुचेष्टाले जीवनको आनन्दको हनन गर्दछ । समझदार व्यक्तिहरूका लागि कुनै पनि काम सानो वा ठूलो हुँदैन, ती श्रमको गरिमा बुझ्दछन् तथा आवश्यकता अनुरूप सबैथरीको काम गर्दै अथक श्रमको जीवन बाँच्दछन् र स्वस्थ रहन्छन्।

निस्सन्देह श्रमशील जीवन स्वस्थ जीवनका साथ चरित्र निर्माणको पहिलो आधार हो । कामचोर, आलसीजस्तो उपमाले व्यक्तिको चरित्रलाई अप्रामाणिक बनाउँछ । श्रमशीलविनाको जीवनले इमानदार कमाइको सवाल नै उठ्दैन । यस प्रकार आर्थिक आधारमा पनि यस्तो मानिसको चरित्र संदिग्ध देखिन्छ ।

मितव्ययिता चरित्र निर्माणको दोस्रो ठोस आधार हो, जुन श्रमशील जीवनको आधारमा नै सम्भव हुन्छ । मेहनतले गरेको कमाइको मूल्य मानिसलाई थाहा हुन्छ।

पुस्तैनी वा लाट्रीबाट प्राप्त सम्पत्तिको मूल्य व्यक्तिले बुझ्न सक्दैन र उसको खर्च पनि त्यसैगरी हुन्छ। प्रायः दुर्व्यसन, बिग्रेको बानी र अन्य नराम्रा बानीबेहोरमा यस्तो सम्पत्तिको दुरुपयोग हुने गरेको देखिन्छ। फैशनबाजीको घिनलाग्दो प्रदर्शन यसैबाट जन्मन्छ ।

वास्तविक धनी व्यक्तिले **'सादा जीवन– उच्च विचार'**को अनुपालन गर्दछ। आफ्नो आवश्यकताभन्दा बढी सम्पदा अरू आवश्यक परेका व्यक्तिको सहयोग र परमार्थको कार्यमा लगाउँछ। आफ्नो आमदानीभन्दा बढी खर्च गर्ने प्रवृत्ति यदि साथमा रह्यो भने त व्यक्ति भ्रष्टाचारी बन्नु तय छ ।

कुनै पनि प्रकारले धन कमाउने उन्माद जसमा चढ्छ, ऊ चाहिने नचाहिने सबै उपाय गर्न पछि पर्दैन, जसमा औचित्य हट्नेबित्तिकै चारित्रिक पतन प्रारम्भ हुन्छ; जबकि शास्त्रहरूमा धर्मको मर्यादामा नै अर्थोपार्जन गर्न चेताइएको छ, जसको आधारमा व्यक्ति मोक्षको अधिकारी बन्दछ। जबकि धर्मरहित अर्थ बन्धनको मात्र कारण बन्दछ ।

सुव्यवस्था, व्यक्तित्व निर्माण एवं चरित्र गठनसँग गाँसिएको महत्त्वपूर्ण सूत्र हो । यसको अभावमा व्यक्ति अस्त–व्यस्त जीवन बाँचेको देखिन्छ । यसको मूल कारण हो व्यक्तिमा कामहरूको प्राथमिकता बुझ्ने अभाव । यस्तोमा अनिर्णयको स्थितिले समय नष्ट भइरहन्छ र जब परीक्षाको समय आउँछ, तब मानिसको हात–खुट्टा सुन्निन थाल्छ र तनाव हावी हुन्छ ।

समय, जीवन–ऊर्जा तथा क्षमताहरू सुनियोजित हुन नपाउनु नै मुख्य कारण हो, जसले व्यक्ति आफ्नो अन्तर्निहित क्षमताहरू उजागर गर्न पाउँदैन, उसको व्यक्तित्वको समग्र विकास हुन पाउँदैन र प्रतिभा भएर पनि कुन्द परिरहन्छ। निस्सन्देहरूपमा समयको कदर नसक्दा व्यक्ति दुर्बल बन्दछ, आत्मविश्वास विकसित हुनमा रोकावट बन्छ र एउटा सफल–सार्थक जीवनबाट वञ्चित हुन पुग्छ । अतः समयको प्रत्येक पलको सदुपयोग गर्ने कला सिक्नु आवश्यक छ। समयको साधनाले नै व्यक्तित्व एवं चरित्रमा चमक ल्याउँछ।

व्यवहारमा शिष्टता, शालीनता, विनम्रताजस्ता गुणले व्यक्तित्वको गरिमा बढाउँछन्, चरित्रमा प्रकाश छरिदिन्छन्। उद्दण्ड, अहङ्कारी, दम्भी व्यक्ति जतिसुकै योग्य, प्रतिभावान किन नहोस्, अन्य मानिसको मनमा ठाउँ बनाउन सक्दैन। मानिस भयवश उसको सम्मान गरिरहेका प्रतीत हुन्छन्, तर हृदयले सम्मान गर्दैनन्।

शालीनता विनामूल्य पाइन्छ, तर यसले सबैथोक किन्न सकिन्छ । नदी आफ्नो विनम्रता, निरहङ्कारिताका कारण नै सबै खोल्सा, खोलाको पानी स्वयंमा समाहित गर्दै ठूलो नदीको रूप लिएर बाटोमा सबैको तिर्खा मेट्दै, आफ्नो अस्तित्वलाई सार्थक पार्दछ र अन्तमा आफ्नो चरम गन्तव्य सागरमा पुगेर सम्पूर्णरूपमा समाहित हुन्छ। शालीनताले चरित्रमा यस्तो चमक ल्याउँछ कि सबै त्यसलाई अँगाल्न आतुर हुन्छन् । विरोधीहरू पनि यस्तो व्यक्तित्वको कदर गर्दछन् ।

यसका साथै सहकारिताको गुण महत्त्वपूर्ण छ। यसको अभावमा एक्लो, स्वार्थी मानिस सबैसँग छुट्टिन्छ। अरूसँग छुट्टै रहने मानिस कतिकै धार्मिक–आध्यात्मिक हुने भ्रम किन पालोस्, तर शून्यताबाट अध्यात्म प्रकट हुँदैन। परिवार समाजमा सबैका साथ समायोजन गर्दै, एकअर्काको काम लागेर नै व्यावहारिक अध्यात्मको उच्चस्तरीय सीढी पार गर्न सकिन्छ। आत्मविस्तारको प्रक्रियाले यहीं रूपाकार लिन्छ । उपासनाका क्षणमा उठेका भाव, साधनाका दौरान परिपक्व हुँदै गरेका विचार, आराधनाका क्षणमा अनगिन्ती परीक्षाहरू पार गर्दै व्यक्तित्वलाई सुनझैं चम्काउँछन् र चरित्रलाई कालजयी आभाले युक्त पार्दछन्।

निस्सन्देहरूपमा इमानदारी चरित्रको ठोस स्तम्भ हो, यसको अभावमा बेइमान र भ्रष्ट बन्ने उपाधिले जीवनलाई मरणतुल्य बनाउँछ तथा समाजको विश्वास गुमाउँछ। जिम्मेदारीको समावेश नै व्यक्तिलाई उपयोगी एवं स्वीकार्य बनाउँछ । यसको अभावमा एउटा गैरजिम्मेवार तथा लापरवाह व्यक्तिलाई कसैले स्वीकार गर्न चाहँदैन । फेरि समझदारी, दूरदर्शिता एउटा ठूलो गुण हो ।

यसविपरीत एउटा मूढ, मूर्ख एवं नासमझलाई कुनै पनि ठूलो जिम्मेदारी सुम्पिन सकिन्न । फेरि बहादुरीको कुनै विकल्प छैन । एउटा कायर, डरछेरुवाबाट कुनै ठूलो आशा पनि गर्न सकिन्न; जसमा सत्यका साथ उभिने साहस हुँदैन, बुराइका साथ जुझ्ने आत्मबल हुँदैन, उसको चकचके व्यवहारले उसको चरित्र संदिग्ध मात्र बनाउँछ र यस्तो जीवन हताशा, निराशाजन्य अन्धकारमा बाँच्न अभिशप्त हुन्छ ।

यस प्रकार युगऋषिद्वारा बताइएका जीवन साधनाका यी ९ सूत्र व्यक्तिलाई पूर्णतातर्फ डोऱ्याउने स्वर्णिम सूत्र हुन्, व्यावहारिक अध्यात्मका सार हुन्, जसलाई अँगालेर व्यक्ति समाजमा श्रद्धा–सम्मानको अधिकारी बन्दछ, सांसारिक स्तरमा एउटा सार्थक जीवन बाँच्दछ र अध्यात्मको उच्चतर कक्षाका लागि आफ्नो पात्रता सिद्ध गर्दै गुरुकृपाको अधिकारी बन्दछ ।

> शिल्पकारको आँगनमा ढुङ्गाहरुको ताँती लागेको थियो। शिल्पकारले जसै पहिलो ढुङ्गामा हतौडा हिर्काए, ढुङ्गा आर्त्त स्वरमा बिलौना गर्न थाल्यो ।
>
> यो देखेर शिल्पकारले त्यो ढुङ्गालाई छाडेर अर्को ढुङ्गामा प्रहार गरे । यस ढुङ्गाले पनि त्यही व्यवहार दोहोऱ्यायो । आखिरमा एउटा ढुङ्गा तयार भयो र शिल्पकारले त्यसलाई ताछी–कुँदी भगवान् शिवको एउटा राम्रो प्रतिमा बनाए ।
>
> सबै त्यस मूर्तिसामु अवनत हुन थाले, ढोग्न थाले। यो देखेर अन्य ढुङ्गाहरूले गुनासो गरे–"हामीलाई यो सौभाग्य किन प्राप्त भएन ?"
>
> शिल्पकारले उनीहरूलाई सम्झाए–"सृजनको प्रक्रिया ध्वंसपछि नै आरम्भ हुन्छ । जो गल्न–विसर्जित हुन तयार छैन, ऊ कसरी नवनिर्माणको साक्षी बन्न सक्छ ?" सुखद परिस्थिति त कष्ट सहेर मात्र निर्मित हुन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# श्रीलङ्काको नयाँ नेतृत्व आइएमएफको बेलआउट कार्यक्रमलाई अघि बढाउन सहमत

कोलम्बो, ८ मङ्सिर/एएफपी

श्रीलङ्काको नयाँ वामपन्थी सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को विवादास्पद कर्जा सहयोग (बेलआउट) कार्यक्रमलाई अघि बढाउन सहमत भएको छ। कार्यक्रममा कडा मितव्ययिता र आर्थिक सुधार समावेश छन्।

आइएमएफले राष्ट्रपति अनुरा कुमारा दिसानायकेको प्रशासनसँग गत वर्ष पूर्वराष्ट्रपतिले गरेको चार वर्षे ऋणलाई निरन्तरता दिने सहमति भएको जनाएको छ।

आइएमएफका टोली नेता पिटर ब्रुएरले नयाँ सरकारसँगको वार्ताको अन्त्यमा पत्रकारहरूसँग भने, "अधिकारीहरूले कार्यक्रमको परिधिभित्र रहन प्रतिबद्धता जनाएका छन्।" उनले नयाँ सरकारको प्रतिबद्धताले नीतिगत निरन्तरता सुनिश्चित गरेको बताए।

ब्रुएरले भने, "सुधारको गतिलाई निरन्तरता दिनु कार्यक्रमबाट प्राप्त उपलब्धिको रक्षा गर्न र अर्थव्यवस्थालाई दिगो पुनरुत्थान र स्थिर र समावेशी विकासको मार्गमा अगाडि बढाउन महत्त्वपूर्ण छ।

श्रीलङ्काले सन् २०२२ को अप्रिलमा अभूतपूर्व आर्थिक मन्दीका बेला ४६ अर्ब अमेरिकी डलरको बाह्य ऋण नतिरेपछि उद्धार प्याकेजका लागि आइएमएफमा गएको थियो।

विदेशी मुद्राको अभावले देशलाई खाद्यान्न र इन्धनको सबैभन्दा आवश्यक आयातको लागि पनि वित्तपोषण गर्न असमर्थ बनाएपछि महीनौंसम्म भएको सडक प्रदर्शनले तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनाएको थियो।

गत वर्षको शुरूमा प्राप्त २.९ अर्ब अमेरिकी डलरको ऋणमा कोलम्बोले कर वृद्धि गर्न, उदार ऊर्जा अनुदान हटाउन र घाटामा रहेका ५० भन्दा बढी राज्यद्वारा सञ्चालित उद्यमहरूको पुनर्संरचना गर्न सहमत हुन आवश्यक थियो।

दिसानायकेका पूर्ववर्ती रनिल विक्रमासिङ्घेले चार वर्षमा २.९ अर्ब अमेरिकी डलरको ऋण वितरणसहित सङ्कटग्रस्त श्रीलङ्काको उद्धार सुनिश्चित गरेका थिए।

गत नोभेम्बर १४ मा भएको चुनावमा नेशनल पिपुल्स पावर पार्टीले भारी मतान्तरले विजय हासिल गरेपछि संसद्मा आफ्नो पहिलो सम्बोधनमा दिसानायकेले बिहीवार आइएमएफको सम्झौताको समर्थन गरेका थिए।

आर्थिक पतनका लागि जिम्मेवार ठहरिएका परम्परागत राजनीतिज्ञप्रतिको असन्तोष दिसानायकेको चुनावी सफलताको प्रमुख कारक थियो।

दिसानायकेले अर्थतन्त्रको व्यवस्थापनमा कुनै गलती गर्ने ठाउँ नभएको बताउँदै आएका छन्।

ब्रुएरका अनुसार भ्रष्टाचारविरुद्ध लड्ने नयाँ सरकारको प्रतिबद्धताले शासकीय सुधारलाई पुनर्जीवित गर्नेछ, आर्थिक विश्वासको पुनर्निर्माण गर्नेछ र आर्थिक वृद्धिलाई थप मजबूत र समावेशी बनाउनेछ।

श्रीलङ्काले यस वर्षको अन्त्यसम्ममा अन्तर्राष्ट्रिय मुद्रा कोषको बोर्डको स्वीकृतिको अधीनमा रहेर थप ३३ करोड ३० लाख अमेरिकी डलर झिक्न सक्नेछ।

गत महीना दिसानायकेको अन्तरिम मन्त्रिपरिषद्ले विक्रमासिङ्घेले सहमति गरेको १४.७ अर्ब अमेरिकी डलरको विदेशी व्यावसायिक ऋणको विवादास्पद पुनर्संरचनामा हस्ताक्षर गरेको थियो।

सन् २०२२ मा ७.८ प्रतिशतले खुम्चिएको श्रीलङ्काको अर्थतन्त्रको पुनर्निर्माणका लागि ऋण पुनर्संरचना आइएमएफको प्रमुख माग हो। रासस

# 'घूस आरोपले भारतीय धनाढ्य अडानी समूहलाई धक्का'

नयाँ दिल्ली, ८ मङ्सिर/एएफपी

विश्वकै धनी व्यक्तिमध्येका एक भारतीय धनाढ्य गौतम अडानीले आफ्नो विश्वव्यापी ऊर्जा र पूर्वाधार साम्राज्य विस्तार गर्ने तीव्र प्रयासलाई अमेरिकी घूसखोरीको आरोपले धक्का दिएको छ।

कैयौं बहुराष्ट्रिय कम्पनीका मालिक तथा अडानी समूहका अध्यक्षसमेत रहेका अडानी र उनको समूहलाई आरोपले क्षणिकरूपमा क्षति पुऱ्याएको र आर्थिक पुनरागमन गर्न लामो समय नलाग्ने विश्लेषकहरूले बताएका छन्।

अडानी र उनका सहयोगीहरूले आकर्षक सरकारी सम्झौताका लागि २५ करोड अमेरिकी डलरभन्दा बढी घूस दिएको दाबी गर्दै न्यूयोर्कमा बुधवार भएको दोषारोपणले उनको कम्पनीको स्टकको उन्मादपूर्ण बिक्रीलाई प्रभावित पारेको छ।

न्यूयोर्कमा घूस दिएको दाबी गरिएको केही घण्टाभित्रै भारतका विपक्षी नेता राहुल गाँधीले अडानीलाई पक्राउ गर्न माग गरेका थिए। आरोपपछि केन्याका राष्ट्रपति विलियम रूटोले करीब २.५ अर्ब अमेरिकी डलर बराबरको विमानस्थल र बिजुली सम्झौता रद्द गरेको घोषणा गरेका छन्।

अडानी समूहले घूसखोरीको आरोपलाई आधारहीन भन्दै खारेज गरेको छ तर 'कर्पोरेट गभर्नेन्स एडभाइजरी फर्म इनगभर्न रिसर्च सर्भिसेज'का संस्थापक श्रीराम सुब्रमण्यमले भने यसको ठूलो प्रभाव रहेको बताएका छन्।

सुब्रमण्यमले बैङ्लोरबाट एएफपीसँग भने, "उनीहरूले अपील गरेर आफ्नो रक्षा गर्नेछन्, वा नयाँ सम्झौताका लागि जानेछन्।"

उनले भने, "यो आफूहरूको प्रतिष्ठा र कर्पोरेट गभर्नेन्स अभ्यासका लागि ठूलो धक्का हो।" रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष: चोरभय | वृष: भयचिन्ता |
| मिथुन: मित्रमिलन | कर्कट: कान्तिक्षय |
| सिंह: सुयश | कन्या: खर्चवृद्धि |
| तुला: धनलाभ | वृश्चिक: सफलता |
| धनु: अलमल | मकर: रोगभय |
| कुम्भ: नारीसुख | मीन: कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# साम्प्रदायिक हिंसामा ३२ जनाको मृत्यु

पेशावर, ८ मङ्सिर/एएफपी

पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा भएको साम्प्रदायिक झडपमा कम्तीमा ३२ जनाको मृत्यु भएको छ।

झडपमा ४७ जना घाइते भएको पाकिस्तानी सुरक्षा अधिकारीले शनिवार एएफपीलाई बताएका छन्।

स्मरण रहोस्, पाकिस्तानको सोही क्षेत्रमा दुई दिन अघि भएको साम्प्रदायिक झडपमा कम्तीमा ४३ जनाको मृत्यु भएको थियो।

"शिया र सुन्नी समुदायबीच विभिन्न स्थानमा लडाइँ जारी छ। पछिल्लो रिपोर्ट अनुसार १४ सुन्नी र १८ शियासहित ३२ जनाको मृत्यु भएको छ," सुरक्षालाई मध्यनजर गर्दै नाम नबताउने शर्तमा एक वरिष्ठ प्रशासनिक अधिकारीले भने। एक समय अर्धस्वायत्त क्षेत्र रहेको कुर्रम जिल्लाका केही सुन्नी स्थानहरूमा शिया मुसलमानहरूले शुक्रवार साँझ आक्रमण गरेका थिए, जहाँ साम्प्रदायिक हिंसाका कारण वर्षौंदेखि सयौंको मृत्यु भएको छ।

कुर्रममा तैनाथ एक वरिष्ठ प्रहरी अधिकारीले भने, "स्थानीय समय अनुसार साँझ ७ बजेतिर आक्रोशित शिया समुदायको एक समूहले सुन्नी बहुल बगान बजारमा आक्रमण गरेको थियो।"

गोली चलेपछि उनीहरूले पूरै बजारमा पेट्रोल छर्केर आगो लगाइदिए। प्रारम्भिक रिपोर्ट अनुसार ३०० भन्दा बढी पसल र १०० भन्दा बढी घर जलेर नष्ट भएका छन्।

स्थानीय सुन्नीहरूले पनि आक्रमणकारीमाथि जवाफी फायरिङ गरेको उनले बताए।

शिया समुदायले लामो समयदेखि भेदभाव र हिंसा भोग्दै आएको सुन्नी बहुल पाकिस्तानमा आदिवासी र पारिवारिक कलह सामान्य छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**मङ्लेरी गाउँ :** दाङको घोराही उपमहानगरपालिका-१३ स्थित मङ्लेरी गाउँ र आसपासको क्षेत्र। अहिले गाउँमा तोरी फुलेर पहेंलपुर देखिएको छ। तस्बिरः कुलदीप न्यौपाने/रासस

# इन्भेस्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ प्रावधान

काठमाडौं, ८ मङ्सिर/रासस

गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेस्टमेन्ट कम्पनीको शेयर कारोबारसम्बन्धी नयाँ व्यवस्था गरिएको छ। धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डका प्रवक्ता डा नवराज अधिकारीका अनुसार इन्भेस्टमेन्ट कम्पनीको शेयरमा गैरआवासीय नेपालीले लगानी गर्न सक्ने र त्यस्तो शेयर दोस्रो बजारमा पनि उनीहरूले मात्रै खरीद-बिक्री गर्न पाउनेछन्।

बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा आठौं संशोधन गर्दै त्यस प्रकारको प्रबन्ध गरेको हो।

गैरआवासीय नेपालीले नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोल्न सक्नेछन्। सोही खातामा आस्वा प्रणालीको प्रयोग गरी सरकार र गैरआवासीय नेपालीले स्थापना गरेको कम्पनीको शेयरमा आवेदन दिन सक्ने प्रबन्ध गरिएको उनले जानकारी दिए।

त्यसरी बिक्री गरिने शेयरमा आवेदन दिन सकिने न्यूनतम सीमा भने एक हजार कित्ता रहेको छ। शेयर खरीद गर्न चाहने गैरआवासीय नेपाली नागरिकले आफ्नो परिचयपत्र वा स्थायी लेखा नम्बर पेश गर्नुपर्नेछ।

त्यस्तो कम्पनीको संस्थापक वा सर्वसाधारणका रूपमा लगानी गर्न सक्नेछन्। शेयरको कारोबार प्रणाली धितोपत्र बजारले व्यवस्था गरेबमोजिम हुनेछ। संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीले धितोपत्र निष्कासन गर्दा शेयरको प्रत्याभूतिसम्बन्धी व्यवस्था भने लागू हुनेछैन।

गैरआवासीय नेपालीलाई पूँजी बजारमा लगानीको अवसर उपलब्ध गराउन सरकार र बोर्डको उच्च प्राथमिकता रहेको प्रवक्ता डा अधिकारीको भनाइ छ।

# लगानी जुटेसँगै मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना निर्माण शुरू

काठमाडौं, ८ मङ्सिर/रासस

मनाङ मर्स्याङ्दी जलविद्युत् कम्पनीद्वारा प्रवर्द्धित १३५ मेगावाट क्षमताको अर्धजलाशययुक्त मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसँगै निर्माण प्रारम्भ भएको छ।

आयोजना निर्माणका लागि वित्तीय व्यवस्थापन भएसँगै निर्माण प्रारम्भ भएको आयोजनाको लगानीकर्तामध्येको एक कम्पनी बुटवल पावर कम्पनी लिमिटेडले प्रेस विज्ञप्ति निकालेर जनाएको छ। गत महीना चीनको एक्जीम बैंकसँग कर्जा सम्झौता भएको थियो। सम्झौता अनुसार एक्जीम बैंकले एक अर्ब २४ करोड २५ लाख चिनियाँ युआन अर्थात् १७ करोड ५२ लाख ५० हजार अमेरिकी डलर ऋण लगानी गर्नेछ। बाँकी ऋण रकम अन्य स्रोतबाट जुटाइएको छ। आयोजनाको अनुमानित लागत ३२ करोड ३० लाख अमेरिकी डलर रहेको छ।

आयोजनामा बुटवल पावर कम्पनीसँगै चिनियाँ कम्पनीहरू एसिआइजी इन्टरनेशनल लिमिटेड, सिङचेङ इन्टरनेशनल इन्भेस्टमेन्ट कम्पनी लिमिटेड र क्यूवाइइसी इन्टरनेशनल कम्पनी लिमिटेड र सो कम्पनीहरूको संयुक्त लगानीको एसिआइजी इन्टरनेशनल नेपाल हाइड्रो ज्वाइन्ट डेभलपमेन्ट इन्भेस्टमेन्ट कम्पनीको लगानी छ।




आयोजनाको निर्माण चीनको सिनो हाइड्रो ब्युरो सेभेन कम्पनी लिमिटेडले र निर्माण सुपरिवेक्षण सोही नर्थवेस्ट इन्जिनीयरिङ कम्पनीले गरिरहेको विज्ञप्तिमा जनाइएको छ। आयोजना निर्धारित कार्ययोजनाअनुरूप ४२ महीनाभित्र सम्पन्न गर्ने लक्ष्य छ।

# चलचित्र भवनमा नेपाली चलचित्रको दबदबा

काठमाडौं, ८ मङ्सिर/रासस

गत दशैंदेखि प्रदर्शनमा आएका नेपाली चलचित्रले दर्शकको राम्रो साथ पाएका छन्। बेलाबखतमा उल्लेख्य शो सङ्ख्या नपाएको भन्दै चलचित्रको प्रदर्शन रोकिए तापनि गत दशैंदेखि प्रदर्शनमा आएका नेपाली चलचित्रले उल्लेख्य शो पाएका छन्। अहिले चलचित्र भवनमा स्वदेशी चलचित्रकै दबदबा देखिएको छ।

गत तिहारलाई लक्षित गर्दै कत्तिक १५ गतदेखि प्रदर्शनरत चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले कीर्तिमानी व्यापार गरिरहेको छ। निर्माण पक्षले दाबी गरे अनुसार यसले घरेलु बजारमा ४० करोड बढीको व्यापार (ग्रस कलेक्सन) गरिसकेको छ। विदेशमा पनि यसले व्यापारमा कीर्तिमान बनाइरहेको छ।

यस्तै, गत कात्तिक ३० गतेदेखि प्रदर्शनरत चलचित्र 'ह्रस्व दीर्घ'ले पनि आफ्नो लगानी सुरक्षित गरेको निर्मात्री तथा अभिनेत्री नीता ढुङ्गानाले जानकारी दिइन्। "नेपाल प्रदर्शन, विदेशी प्रदर्शन अधिकार, ओटिटी प्रदर्शन अधिकारबाट लगानी सुरक्षित गर्न सफल भएका छौं। भारतको ओटिटी प्लेटफर्ममा महँगो मूल्यमा बिक्री गरेका छौं। तेलुगु भाषामा हामी भारतका चलचित्र भवनमा पनि प्रदर्शन गर्दैछौं। यस कारणले हाम्रो लगानी सुरक्षित भएको घोषणा गरेका हौं," उनले भनिन्। अभिनेत्री ढुङ्गानाले स्वदेशी बजारमा एक सातामा रु पाँच करोड ५४ लाखको व्यापार गरेको जानकारी दिइन्।

यस्तै चलचित्र 'तेल भिसा'ले पनि सुरुआती समयमा राम्रो व्यापार

(बाँकी अन्तिम पातामा)

**चार ...**

पदार्थको आयात सबैभन्दा धेरै देखिएको छ। कात्तिक मसान्तसम्ममा रु २९ अर्ब चार करोड २० लाख बराबरको डिजेल, रु २१ अर्ब ५६ करोड २९ लाख बराबरको पेट्रोल र रु १८ अर्ब ८५ करोड ९३ लाख बराबरको एलपी ग्याँस आयात भएको छ। त्यस्तै, रु १५ अर्ब ९६ करोड ९२ लाख बराबरको फलामजन्य वस्तु, रु १३ अर्ब ४० करोड ४८ लाख बराबरको स्मार्टफोन आयात भएको विभागको तथ्याङ्कबाट देखिन्छ।

बढी निर्यात भएका वस्तुमा भने कार्पेट पहिलो स्थानमा देखिएको छ। चार महीनामा रु तीन अर्ब ६० करोड आठ लाख बराबरको कार्पेट निर्यात भएको छ। त्यस्तै, सोयाबिन तेल रु तीन अर्ब ४१ करोड, चिया रु दुई अर्ब २१ करोड र अलैंची रु एक अर्ब ९० करोड बराबरको निर्यात भएको छ। रासस



तस्वीरमा देखिएको यो पक्कीपुलले पर्सा जिल्लाको पटेर्वासुगौली र जगरनाथपुर जोड्छ। केही महीनादेखि पुलका विभिन्न भागहरूमा खाल्डाखुल्डी परेको छ। तर दुवै पालिकाका मानिसहरूको आवतजावत हुने सो पुलको मर्मततर्फ भने दुवै पालिकाहरूले ध्यानै दिएका छैनन्। तस्वीरः धर्मेन्द्र चौरसिया

# हिन्दू संस्कृति र नेपाल–भारत सम्बन्धबारे कार्यक्रम

प्रस, वीरगंज, ८ मङ्सिर/





राष्ट्रिय एकता अभियानले काठमाडौंमा हिन्दू संस्कृति र नेपाल–भारत सम्बन्ध विषयक कार्यक्रम शनिवार सम्पन्न गरेको छ। कार्यक्रममा प्रमुख वक्ता भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं पूर्व विदेश विभाग प्रमुख विजय जोलीले दुई देशबीचको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ गर्न सबै तहमा सहकार्य आवश्यक रहेको बताए। उनले नेपाल हिन्दू सभ्यताको महत्त्वपूर्ण केन्द्रको रूपमा रहेको बताउँदै दुई देशबीचको सम्बन्ध केवल राजनीतिक नभई सांस्कृतिक र भावनात्मक जगमा आधारित रहेको बताए।

संविधानसभा सदस्य भुपेन्द्र चौधरीले हिन्दू सभ्यताको सशक्तीकरण र राष्ट्रिय एकताको लागि अझ सक्रिय भएर काम गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा नेपाली जनता दलका अध्यक्ष हरिचरण साह, पूर्व राजपा उपाध्यक्ष सत्यनारायण मण्डल, राष्ट्रिय मुक्ति पार्टीका नेता सिएन थारू, समाजसेवी विजय राउतलगायतले मन्तव्य व्यक्त गरेका थिए।

अभियानका अध्यक्ष विनय यादवको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य चन्द्र यदुवंशी, युवा विभाग प्रमुख दिवस पटेल, महिला विभाग प्रमुख रीता साह, बाग्मती प्रदेश इन्चार्ज शिशिर रञ्जीतकार, उपत्यका इन्चार्ज महेश्वरमान वैद्य, काठमाडौं जिल्ला संयोजक राजकुमार लामिछानेलगायतको सहभागिता थियो।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड






## झ्यालढोकासहित पक्राउ

प्रस, बिरुवागुठी, ८ मङ्सिर/

पर्सागढी नगरपालिका–३ बडनिहार बजारबाट वन गस्ती टोलीले १७ सेट काठका झ्यालढोकाका फ्रेमसहित एकजनालाई पक्राउ गरेको छ।

बडनिहारबाट वीरगंज महानगरतर्फ शनिवार लग्दै गरेको ना.३त ३२२७ नम्बरको ट्याक्टरबाट १७ सेट काठका झ्यालढोकाका फ्रेममा बरामद भएपछि चालक वीरगंज महानगरपालिका–२९ निवासी अनिलप्रसाद चौधरीलाई पक्राउ गरिएको डिभिजन वन कार्यालय बडनिहारका जमदार जीतबहादुर तामाङले बताए।

उनले ट्याक्टरमा १० सेट झ्यालका फ्रेम, सात सेट ढोकाका फ्रेम रहेको बताए। विनाकागजपत्रका काठका झ्याल र ढोका बरामद भएपछि चालक चौधरीलाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाएको जमदार चौधरीले बताए।

### घडीअर्वामा ...

दिन र योग तथा प्रातःभ्रमण गर्न सल्लाह दिइएको उनले बताए। सो क्लबका अध्यक्ष विमल जैनको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका प्रकाश बाहेती, राजेन्द्र भट्टराई, दीपु रौनियार, प्रदीप डालमिया, अभिलाष गुप्ता लगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## कर्पोरेट सुपर सिक्स क्रिकेटको उपाधि अग्निलाई

## खेलकूदको क्षेत्रमा प्रदेशले गति लिइरहेको छ –मन्त्री जयसवाल

प्रस, वीरगंज, ८ मङ्सिर/

लायन्स क्लब अफ वीरगंज र वीरगंज स्पोर्ट्र्स एकेडेमीद्वारा आयोजित पाँचौं कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिताको उपाधि अग्नि ग्रुपले जितेको छ।

वीरगंज महानगपालिका–१० आदर्शनगरस्थित रङ्गशालामा शनिवार भएको फाइनल खेलमा अग्निले सिद्धार्थ बैंकलाई १८ रनअन्तरले पराजित गर्दै उपाधि जितेको लायन्सका नरोत्तम पाण्डेले बताए। आजको खेलमा पहिले ब्याटिङ गर्दै निर्धारित छ ओभरको खेलमा अग्निले ७१ रन बनाएको थियो। प्रतिउत्तरमा ७२ रनको विजयी लक्ष्यसहित उपाधिको लागि मैदानमा





उत्रिएको सिद्धार्थ बैंक ५३ रनमा समेटिएको थियो। आजको खेलको 'म्यान अफ दी म्याच' अग्निका मुकुन्द रौनियार घोषित भए।

विजेता र उपविजेता टीमलाई मधेस प्रदेशका युवा, खेलकूद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले नगद, शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरेका थिए। सो अवसरमा उनले प्रदेशमा क्रिकेट खेलले गति लिइरहेको बताए। उनले मधेस प्रदेशकी पूजा महतोको नेतृत्वमा नेपाल महिला यू–१९ विश्वकपमा पुगेको र सो टोलीमा मधेस प्रदेशका तीनजना खेलाडी सहभागी रहेकामा गर्व भएको बताए। उनले प्रदेश सरकारले खेलकूद ऐन पारित गरिसकेको र अब चाँडो खेलकूद परिषद् गठन हुने बताए। आफूले खेलको विकासमा विशेष ध्यान दिएको दाबी गर्दै उनले नारायणी रङ्गशाला स्तरोन्नतिका लागि सङ्घ सरकारको खेलकूद मन्त्रालयसँग समन्वय गर्दै आएको बताए। मन्त्री जयसवालले खेलकूदका मैदानहरू र खेलाडीहरूको विवरण अद्यावधिक गर्ने काम पनि भइरहेको बताए।

वीरगंज स्पोर्ट्र्स एकेडेमीका अध्यक्ष सन्दीप गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्मा, वीरगंज उद्योग वाणिज्य सङ्घका मनोज उपाध्याय, लायन्स क्लब अफ वीरगंज परिवारका अध्यक्ष भानुभक्त अधिकारी, वीरगंज स्पोर्ट्र्स एकेडेमीका वैकुण्ठ श्रीवास्तवलगायतको सहभागिता थियो।

## विश्वकपमा छनोट भएका महिला क्रिकेट खेलाडी सम्मानित

दोधारा चाँदनी, ८ मङ्सिर/रासस

विश्वकपमा छनोट भएको १९ वर्षमुनिको महिला क्रिकेट टोलीका सदस्यलाई कञ्चनपुरमा नगदसहित सम्मान गरिएको छ।

महेन्द्रनगरस्थित होली फेम्ली क्रिकेट एकेडेमीले यू–१९ महिला क्रिकेट टोलीका सदस्य सावित्री धामी र स्नेहा महरालाई





आज रु ३०/३० हजारसहित सम्मान गरेको हो। त्यसैगरी, नेपाली महिला क्रिकेट टोलीकी उपकप्तान बिन्दु रावललाई रु ५० हजार र टोलीका सहायक प्रशिक्षक जानकी भट्टलाई रु ३० हजार नगदसहित दोसल्ला ओढाएर सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले सम्मान गरे।

होली फेम्ली क्रिकेट एकेडेमीका अध्यक्ष भुपालसिंह विष्टले खेलाडीको हौसलाका लागि सम्मान गरिएको बताए। गत महीना युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी १९ वर्षमुनिको महिला विश्वकपको एशिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो। सन् २०२५ को जनवरीमा मलेशियामा हुने १९ वर्षमुनिको महिला विश्वकपमा नेपालले सहभागिता जनाउनेछ।

### चलचित्र ...

गरिरहेको वितरक करण श्रेष्ठले जानकारी दिए। उनले भने, "तेल भिसा हेर्न परिवार नै चलचित्र भवनमा देखेका



छौं। शुक्रवार र शनिवार बिहानी शोमा देखिनुभएका दर्शक र उहाँहरूले दिनुभएको प्रतिक्रियाले हाम्रो चलचित्रको प्रचार उहाँहरूले नै गर्दिनुहुन्छ भन्नेमा ढुक्क छौं। धेरै दर्शकको आँखा रसाएको पाएँ, किनकि यसमा विदेशमा रहेका परिवारको कथालाई देखाइएको छ।"

चलचित्रमा अभिनेता विपिन कार्की, ऋचा घिमिरे, पूजा चन्द, वर्षा राउत, बुद्धि तामाङ, सुचित्रा उप्रेतीसहित अमेरिकी कलाकारहरूले अभिनय गरेका छन्। शङ्कर घिमिरेले निर्देशन गरेको चलचित्रमा छोराको सन्तान हुने भएपछि नेपालबाट अमेरिका गएकी आमाले बेहोर्नुपरेको कानूनी झमेलाको कथा देखाइएको छ।

अभिनेता रमेश उप्रेतीले पछिल्लो समय बनिरहेका चलचित्रले नेपाली विषय र कथालाई उठान गरेका कारण दर्शकको रोजाइमा परिरहेको बताए। उनले भने, "पछिल्लो समय मैले हेरेका नेपाली चलचित्र निकै राम्रा बनेका छन्। नेपाली माटो सुहाउँदो कथा र प्रस्तुतीकरण भएका कारण दर्शक चलचित्रको विषय र पात्रसँग जोडिएका हुन सक्छन्। यी चलचित्र हेर्दा दर्शक सन्तुष्ट भएकै कारण एकपछि अर्को नेपाली चलचित्रले राम्रो व्यापारसमेत गरिरहेको छ।"

आज नेपाली चलचित्र हेर्न दर्शकको उपस्थिति विदेशी चलचित्रको तुलनामा बढी देखिएको छ। दशैं अगाडि पर्याप्त शो नपाएको कारण देखाउँदै चलचित्र 'बेहुली फ्रम मेघौली'को निर्माण समूहले प्रदर्शन स्थगित गरेको थियो। तर अहिले चलचित्र भवनमा नेपाली चलचित्रकै दबदबा देखिएको छ। व्यापारमा पनि विदेशीभन्दा नेपाली चलचित्र निकै अगाडि देखिएका छन्।